# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७६/०७७
च.न.: ३१३८

मिति : २०७७/०२/२२

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**बिषय : विवरण बुझाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा सानोठिमी, भक्तपुरको मिति २०७७/०२/२० गतेको चलानी नं. १५५ को विद्यालय समायोजन तथा एकिकरण सम्बन्धी पत्रानुसार **२०७४ साल चैत्र मसान्तसम्म कम्तिमा एक शैक्षिक सत्र पूरा गरेका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन पश्चात् स्थानीय तहले विधिसम्मत् ढंगले दुई वा दुई भन्दा बढी विद्यालय तथा कक्षाहरु एक आपसमा समायोजन गरेका विद्यालयहरुलाई, प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेकोले** सो अनुदान प्राप्त गर्नका लागि तपसिलको ढाँचामा मिति २०७७/०२/२६ गते भित्र यस देवचुली नगरपालिकाको शिक्षा शाखामा बुझाउँनुहुन अनुरोध छ । साथै सो सम्बन्धी कार्यविधि वेभसाइट www.doe.gov.np मा रहेको कुरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| विद्यालयहरुको प्रकार | समायोजन भएका विद्यालयको नाम, ठेगाना र EMIS कोड सहित | विद्यार्थी संख्या | कायम रहेको विद्यालय | समायोजन भएको तह/कक्षा | समायोजित कक्षा संख्या | स्थानीय तहको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क. सार्वजनिक विद्यालयमा निजी लगानीका विद्यालय | | | | | | | |
| ख. सार्वजनिक र सार्वजनिक विद्यालयहरु | | | | | | | |
| ग. कक्षा वा तह घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण | | | | | | | |

**(पुनश्च : स्थानीय तहको निर्णयको प्रमाणित प्रतिलिपीको स्क्यान कपि पेश गर्नुपर्नेछ ।)**

२०७७-०२-२२

..............................
(राम प्रसाद शर्मा)
रामप्रसाद शर्मा
अधिकृतस्तर दशौं तह

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको
मिति २०७७।०२।११को निर्णयअनुसार स्वीकृत

# सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

**प्रस्तावना :** जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको संजालमा भएको वृद्धि, ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्दै त्यस्ता विद्यालयको सवलीकरण र सुदृढीकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९क. ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम ‘‘सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७’’ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘‘केन्द्र’’ भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) ‘‘मन्त्रालय’’ भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ग) ‘‘कार्यक्रम’’ भन्नाले सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन गरिने कार्यक्रम सम्झनु पर्छ ।

(घ) ‘‘समिति’’ भन्नाले दफा ३(१) बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) ‘‘विद्यालय’’ भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति प्राप्त सामुदायिक वा सार्वजनिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) ‘‘स्थानीय तह’’ भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

(छ) ‘‘विद्यालय समायोजन एवम् एकीकरण’’ भन्नाले भौगोलिक दूरीका कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानून बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरी दुई वा दुई भन्दा वढी विद्यालय वा विद्यालयका तह वा कक्षा आपसमा गाभेर सार्वजनिक विद्यालयमा समायोजन एवम् एकीकरण वा स्थापना गर्ने कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन सम्बन्धी व्यवस्था

३. **निर्देशक समिति** : (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन, सहजीकरण एवम् समन्वय गर्न एक निर्देशक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव(स्थानीय तह हेर्ने), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(घ) सहसचिव (शिक्षा हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

(ङ) सहसचिव, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय - सदस्य

(च) सहसचिव, विद्यालय शिक्षा महाशाखा, मन्त्रालय - सदस्य

(छ) महानिर्देशक, केन्द्र - सदस्य सचिव

(३) समितिको बैंठकमा आवश्यकतानुसार स्थानीय तहका प्रतिनिधिमूलक संस्थाका पदाधिकारी, सम्बन्धित क्षेत्रका विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय समायोजन तथा एकीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयलाई प्रतिफलमुखी बनाउन केन्द्रलाई आवश्यक निर्देशन गर्ने ।

(घ) कार्यक्रमको नतिजामूलक अनुगमन तथा प्रगति समीक्षा गर्ने ।

## परिच्छेद –३

## विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु

५ **विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु :** विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु देहाय बमोजिम हुनेछन् :

(१) **विद्यालय आवतजावत गर्न लाग्ने समय :** विद्यालयहरुबीचको दूरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

(२) **विद्यार्थी सङ्ख्या :** भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थी सङ्ख्या नभएका नजिकैको विद्यालयहरु,

| **भौगोलिक क्षेत्र** | **विद्यालयको तह** | | | | |
|---|---|---|---|---|---|
| | **कक्षा १-३** | **कक्षा १-५** | **कक्षा ६- ८** | **कक्षा ९-१०** | **कक्षा ११-१२** |
| हिमाल | ३० | ५० | ३० | २० | २० |
| पहाड | ४५ | ७५ | ४५ | ३० | ३० |
| तराई/उपत्यका | ६० | १०० | ६० | ४० | ४० |

(३) **जनसङ्ख्या :** राष्ट्रिय जनगणना वा स्थानीय तहको तथ्याङ्कका आधारमा विद्यालय रहेको समुदायको घरधूरी सङ्ख्या कम भएका र जनसङ्ख्या वृद्धिदर न्यून भएको समुदायमा अवस्थित विद्यालयहरु,

(४) **विद्यालयको स्तर वृद्धि :** विद्यालयको स्तर वृद्धिका लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरुवीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु,

(५) **माध्यमिक तहमा ठूला विद्यालय** (Big School) **सञ्चालन गर्न :** समुदायमा नजिक नजिकको दूरीमा सञ्चालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहको ठूला विद्यालय सञ्चालन गर्न सहमत भएका दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक सिकाइ वातावरण सहितको ठूला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन,

(६) **आवासीय विद्यालय संचालन :** एक तहबाट अर्को तहको विद्यालयमा भर्ना भई उपल्लो कक्षाहरुमा पढाइलाई निरन्तरता दिन भौगोलिक विकटता भएका स्थानका बालबालिका उनीहरुको उमेर विद्यालय आवतजावतमा लाग्ने, विद्यालयहरुबीचको दूरी सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानहरुका बालबालिकालाई लक्षित गरी उनीहरु सवैलाई पायक पर्ने स्थानमा आवासीय सार्वजनिक विद्यालय सञ्चालन गर्न,

(७) **नमूना विद्यालय विकास :** दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाउन स्थानीय तहको निर्णय बमोजिम उत्कृष्ट विद्यालयका रुपमा नमूना विद्यालय विकास गर्न,

(८) **विद्यालय नक्शाङ्कन:** स्थानीय तहले हाल सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनका लागि जिपिएस पद्दतिमा आधारित नक्शाङ्कन तयार गरी दीर्घकालीन रुपमा विद्यालयहरुको पुनर्व्यवस्थापन गर्न,

६. **विद्यालय समायोजन एवम् एकीकरण भएको विद्यालयका आधारभूत पूर्वाधार सम्बन्धी व्यवस्था:** दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भई स्थापना हुन जाने विद्यालयले शैक्षिक, भौतिक, आवश्यक शिक्षक संख्या तथा अन्य व्यवस्थापकीय पक्षहरुको आधारभूत पूर्वाधार विकास गर्ने प्रतिवद्धता सहितको योजना तथा वजेट व्यवस्थापनको सुनिश्चितताका लागि देहायका पूर्वाधारहरु पूरा गर्नुपर्नेछ ।

(१) सामान्यतया ९ फीट उचाइका र घाम तथा पानीबाट बचावट हुने, हावा र प्रकाशको उचित व्यवस्था भएको, कक्षागत र विद्यार्थी सख्याको आधारमा सेक्सन खोल्नु पर्ने भए सोको लागि समेत पर्याप्त संख्यामा कक्षाकोठाको उपलब्धता हुनुपर्ने,

(२) कक्षागत क्षेत्रफल न्यूनतममा पनि पूर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मीटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयको हकमा १.०० वर्ग मीटर हुनुपर्ने,

(३) विद्यार्थी संख्याको अनुपातमा सरल तथा सहजरुपमा विद्यार्थी वस्न मिल्ने फर्निचरको पर्याप्त व्यवस्था हुनुपर्ने,

(४) शुद्ध पिउने पानी तथा सरसफाइका लागि पर्याप्त पानीको प्रबन्ध भएको हुनुपर्ने,

(५) छात्र छात्राको लागि सहज रुपमा प्रयोग गर्न सकिने खालका अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने,

(६) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री, आदिको प्रवन्ध भएको हुनुपर्ने,

(७) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने,

(८) अतिरिक्त क्रियाकलाप सहकार्यकलाप तथा खेलकूदका लागि भलिबल खेल्न मिल्ने सम्मको खेलमैदान सहितको खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

(९) विज्ञान शिक्षणका लागि अत्यावश्यक विज्ञान प्रयोगशाला र उपयुक्त विज्ञान सामग्रीको व्यवस्था भएको हुनुपर्ने,

(१०)सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यतया प्रतिकक्षा न्यूनतम बाइस, अधिकतम चवालीस र औषत तेत्तीस विद्यार्थी संख्या हुनुपर्ने,

(११) शिक्षा नियमावली वा स्थानीय सरकारको शिक्षा ऐन नियमावली वा निर्देशिकाले तोके अनुसार विषयगत र तहगत शिक्षकको व्यवस्था हुनुपर्ने,

(१२) प्राथमिक उपचार सामग्रीको व्यवस्था भएको हुनुपर्ने,

(१३) नमूना विद्यालयका रुपमा रहने गरी विद्यालयहरुको समायोजन भएको अवस्थामा कम्तीमा पनि विद्यालयमा अपाङ्ग मैत्री कक्षाकोठा तथा शौचालयहरुको उचित प्रवन्ध भएको हुनुपर्ने,

(१४)आवासीय विद्यालयको रुपमा विद्यालय समायोजन गरिएको अवस्थामा विद्यार्थी सङ्ख्याका अधारमा पर्याप्त मात्रामा आवासीय सुविधा प्रदान गर्न सकिने गरी अलग्गै आवासीय भवन भान्साकोठा आदिको उचित प्रवन्ध भएको हुनुपर्ने ।

## परिच्छेद –४

## कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निकायगत भूमिका

**७. निकायगत भूमिका :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध निकायको भूमिका देहाय बमोजिम हुनेछ ।

**(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :

(१) विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी मार्गदर्शन तयार गरी कार्यान्वनयमा ल्याउने,

(२) विद्यालय समायोजन सम्बन्धी मार्ग दर्शन तयार गरी समायोजन कार्यमा स्थानीय तहलाई सहजीकरण गर्ने,

(३) विद्यालय समायोजनका लागि प्राप्त हुने अनुदान वार्षिक बजेटमा रकम समावेश गरी व्यवस्थापन गर्ने,

(४) विद्यालय समायोजन एवम् एकीकरण सम्बन्धी मार्गदर्शन तयार गरी समायोजन कार्यमा स्थानीय तहलाई सहजीकरण गर्ने,

(५) प्रदेश तथा स्थानीय तहलाई विद्यालय समायोजनका लागि जिपिएस पद्दति अनुसार विद्यालयको नक्शाङ्कन गर्न आवश्यक सक्षमता विकास गर्ने,

(६) स्थानीय तहबाट विद्यालय समायोजन तथा एकीकरण कार्यमा सहजीकरण गर्न जिल्ला स्थित शिक्षा विकास तथा समन्वय एकाईलाई परिचालन गर्ने,

(७) विद्यालय समायोजन तथा एकीकरणका लागि स्थानीय तहबाट भए गरेका काम कारवाहीको नियमित अनुगमन गरी आवश्यक सुझाव सहितको पृष्ठपोषण प्रदान गर्ने,

(८) स्थानीय तहबाट माग र आवश्यकताका आधारमा गरिने विद्यालय समायोजनका कारण समायोजन भएका विद्यालयहरुको शैक्षिक भौतिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि अत्यावश्यक बजेटका लागि विकास साझेदारसँग सहकार्य र समन्वय गर्ने,

(९) स्थानीय तहबाट हुने विद्यालयको समायोजन र विद्यालयको प्रकार अनुसार समायोजन पश्चात विद्यालयलाई दिइने अनुदानको आधार प्रकार र बजेटको आकार तय गर्ने,

(१०) आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम प्राप्त गर्न छानिएका विद्यालयको नामनामेसी सहित अनुदान रकम मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरेको आधारमा उपलब्ध गराउने,

(११) कार्यक्रम कार्यान्वयनका लागि प्रचलित शिक्षा ऐन, नियमावली र निर्देशिकामा निर्धारण भएको प्रावधान बमोजिम गर्ने गराउने प्रबन्ध मिलाउने,

(१२) कार्यक्रमको नतिजामूखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(१३) कार्यक्रमको कार्यान्वयन एवं सञ्चालनको लागि अन्तर निकाय समन्वय गर्ने ।

**(ख) प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको भूमिका देहाय वमोजिम हुनेछ :

(१) समायोजन हुने विद्यालयहरु फरक फरक स्थानीय तहमा पर्ने भएमा त्यस्ता विद्यालयको समायोजनसँग सम्बन्धित कार्यमा सहजीकरण र समन्वय गर्ने,

(२) समायोजन भएका विद्यालयहरुको अनुगमन गरी प्रभावकारिताका सम्बन्धमा मन्त्रालयलाई आवश्यक सुझाब दिने,

(३) समायोजन भएका विद्यालयहरुको भौतिक पूर्वाधार तथा शैक्षिक स्तर वृद्धिका लागि सहयोग पुऱ्याउने ।

**(ग) शिक्षा तथा मानव स्रोत विकास केन्द्र :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ :

(१) समायोजन भएका विद्यालयको लागि भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यको लागि विभिन्न नमूना ड्रइङ डिजाइनको प्रबन्ध मिलाउने,

(२) विद्यालयमा अध्ययनरत बालबालिका विद्यालयको भौतिक अवस्था भौगोलिक अवस्थिति र विद्यालयका वास्तविक आवश्यकता पहिचान गर्ने विद्यालय नक्शाङ्कन गरी प्रत्येक स्थानीय तहलाई डाटावेस तयार गर्न सहजीकरण गर्ने,

(३) विद्यार्थी संख्या शिक्षक संख्या तथा विद्यालयको आवश्यकताका आधारमा स्थानीय तहलाई विद्यालय समायोजन कार्य सम्पन्न गर्ने अत्यावश्यक सहयोग प्रदान गर्ने,

(४) विद्यालय समायोजन कार्यको नियमित अनुगमन गरी आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्ने,

(५) विद्यालय समायोजन पश्चात समायोजन भएको विद्यालयको भौतिक शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि अत्यावश्यक वजेटको व्यवस्था गरी स्थानीय तहमा हस्तान्तरण गर्ने,

(६) दफा ६ बमोजिम शैक्षिक एवं भौतिक सुबिधा विस्तारका लागि सहयोग पुर्याउनु पर्ने विद्यालयहरुको विवरण तयार गर्ने,

(७) समितिबाट निर्धारित मापदण्ड र प्राथमिकता क्षेत्रको परिधिभित्र रही विद्यालय छनौट गरी स्थानीय तह मार्फत बजेट र कार्यक्रम हस्तान्तरण गर्न बजेट बाँडफाँड स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(८) समायोजन हुने विद्यालय रहेको भौगोलिक अवस्था समेतका आधारमा स्थानीय तहबाट प्रस्ताब लिई लागत साझेदारीको आधारमा भौतिक पूर्वाधार निर्माण र अन्य संरचना विकासको नमुना तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(९) कार्यक्रम कार्यान्वयनका लागि प्रचलित शिक्षा ऐन, नियमावली, निर्देशिका र वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकामा निर्धारण भएको प्रावधान बमोजिम हुने गरी संचालन गर्ने गराउने व्यवस्थाको सुनिश्चितता गर्ने ।

**(घ) स्थानीय तह :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :

(१) विद्यालय समायोजन गर्ने आधारहरु समेतलाई अध्ययन गरी आफ्नो स्थानीय तहभित्र समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने,

(२) विद्यालयको वास्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने,

(३) स्वीकृत मापदण्ड तथा कार्यविधि अनुसार निर्धारित प्रक्रिया अवलम्बन गरी विद्यालय समायोजन गर्ने,

(४) समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि तोकिए अनुसारको अनुदान प्रदान गरी सुधारका कार्यक्रमहरु सम्पन्न गर्ने र नियमित रुपमा समायोजन पश्चातका गतिविधिहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(५) समायोजन हुने विद्यालयहरुको वास्तविक तत्थाङ्कमा आधारित भई प्रत्येक वर्ष मन्त्रालय तथा प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रमसँग

तादात्म्यता हुने गरी विद्यालयको भौतिक तथा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्न अत्यावश्यक वजेट योजना तर्जुमा गर्ने ।

(६) विद्यालय समायोजन तथा एकीकरणका लागि आवश्यकतानुसार स्थानीय तहमा कार्यदल वा समिति गठन, बैठक सञ्चालन र बजेट व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(७) छनौट भई समायोजन भएका विद्यालयलाई सम्बन्धित स्थानीय तहको स्रोतबाट व्यवस्थापन हुन सक्ने भएमा नियमानुसार प्रोत्साहन अनुदान उपलब्ध गराउने,

(८) स्थानीय कार्यपलिकाबाट निर्णय गराई समायोजनका लागि पहिचान भएका विद्यालयहरुको समायोजन गर्ने र सो को जानकारी सम्बन्धित निकायहरुलाई गराउने,

(९) समायोजन भई जाने विद्यालयको निवेदन साथ प्राप्त कागजातका आधारमा औचित्य र कारणको पुष्ट्याईका आधारमा उक्त विद्यालयलाई समायोजनमा जान स्वीकृति/अनुमति प्रदान गर्ने,

(१०) स्थानीय आवश्यकता, सम्बन्धित विद्यालय तथा समुदायको चाहना, सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गरेको विश्लेषण सहितको आधिकारिक निर्णय सहित विद्यालय समायोजन भई जाने र समायोजन हुने विद्यालयबाट अनुरोध भई आएमा त्यसको औचित्य, कारण र प्रभाव समेतको लेखाजोखा गरी विद्यालय समायोजनका लागि अनुमति दिने,

(११) समायोजित भई जाने र समायोजनपछि बन्ने विद्यालय फरक फरक स्थानीय तहको कार्य क्षेत्रमा पर्ने अवस्थामा सम्बन्धित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको समन्वयमा समायोजनको प्रक्रिया अगाडि बढाउने,

(१२) समायोजनपछि बन्ने विद्यालयलाई प्राप्त हुने संघीय वजेटको लेखाजोखा गरी समायोजन पश्चातका भौतिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन लगायतका सुधारका कार्यहरु सञ्चालन गर्न सहजीकरण गर्ने ।

(१३) समायोजन भई जाने विद्यालयमा कार्यरत शिक्षकलाई प्रचलित शिक्षा ऐन नियमावलीको अधीनमा रही समायोजन हुने विद्यालय वा अन्यत्र सरुवा गर्ने तथा समायोजन हुने विद्यालयमा आवश्यक भएमा स्थानीय तहको मौजुदा स्वीकृत शिक्षक दरबन्दी र शिक्षण अनुदान कोटा (राहत) बाट थप शिक्षकको व्यवस्था गर्ने,

(१४) समायोजन भएको विद्यालयको भौतिक पक्षको व्यवस्थापन के कसरी गर्न सकिन्छ भनी विकल्पहरु पहिचान गरी उपयुक्त विकल्प कार्यान्वयनमा ल्याउने,

(१५) स्थानीय सरकारले संघीय सरकारबाट प्राप्त समायोजन अनुदान कोषबाट उक्त विद्यालयलाई आवश्यकता र औचित्यका आधारमा भौतिक निर्माणका लागि पालिकाको प्राविधिकको लागत मूल्याङ्कनका आधारमा समायोजन भएको वा अन्य विद्यालय गाभिएको विद्यालयलाई भौतिक सहायता अनुदान प्रदान गर्ने,

(१६) अन्य विद्यालयमा समायोजित भएको विद्यालयको भौतिक सम्पत्ति समायोजनपछि बन्ने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रवास, विद्यालयको प्रशासनिक कार्य सञ्चालन, जस्ता कार्यमा उपयोग गर्ने गरी भोगचलन गर्ने व्यवस्था मिलाउनु पर्ने । सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय, सञ्चालनमा उपयोग गर्न सकिनेछ । तर व्यापार व्यवसाय गरी आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता भौतिक संरचनाहरु प्रयोग पाइने छैन । यसरी प्रयोगमा ल्याउनु पूर्व सम्बन्धित स्थानीय तहको अनुमति लिनु अनिवार्य हुनेछ ।

**(ङ) शिक्षा विकास तथा समन्वय एकाई :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा विकास तथा समन्वय इकाईको भूमिका देहाय बमोजिम हुनेछ :

(१) विद्यालय समायोजन कार्यमा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,

(२) समायोजित भएको विद्यालयका शिक्षकहरुको व्यवस्थापनमा सहजीकरण गर्ने,

(३) समायोजन भएका विद्यालयहरुको अभिलेख अद्यावधिक गरी सम्बन्धित निकायमा पठाउने,

(४) समायोजन भएका विद्यालयहरुको चल अचल सम्पत्तिको व्यवस्थापन हस्तान्तरण कार्यमा सम्बन्धित सरोकारवाला निकायहरुमा समन्वय र सहजीकरण गर्ने ।

**(च) अर्को विद्यालयमा समायोजित भई जाने विद्यालयको भूमिका :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अर्को विद्यालयमा समायोजित भई जाने विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(१) समायोजित भई जाने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी तथा शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी विद्यालय समायोजनमा जाने विषयमा छलफल तथा अन्तरक्रिया गर्ने । यस क्रममा समायोजनमा जानु पर्ने कारण, समायोजनका सकारात्मक पक्ष समायोजन पश्चात विद्यालयको अवस्था, समायोजनपछि विद्यालयको भौतिक संरचानको प्रयोग, विषय समेतमा छलफल गरी समायोजनमा जाने छलफल गरी निर्णय लिने,

(२) सामुहिक भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने,

(३) आफू गाभिन जाने विद्यालयको नाम, ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णय सहितको जानकारी सम्बन्धित स्थानीय तहमा पेस गरी समायोजनका लागि अनुमति माग गर्ने,

(४) स्थानीय सरकारको अनुमति सहित समायोजन भई जाने विद्यालयले समायोजित हुने विद्यालयमा औपचारिक रुपमा निवेदन दिने,

(५) विद्यालयको सम्पूर्ण अभिलेख नगद तथा जिन्सी खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयलाई हस्तान्तरण गर्ने ।

**(छ) समायोजन एवम् एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका :** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समायोजन एवम् एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीहरुको अभिलेख गाभिएको विद्यालयको नाममा जिन्सी खातामा दाखिला गर्नुपर्ने,

(२) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना फर्निचर लगायतका शैक्षिक सामग्रीको विवरण तयार गरी त्यस्ता भौतिक सामग्रीहरुको सालाखाला न्यूनतम मूल्य कायम गरी सम्बन्धित स्थानीय तह समक्ष जानकारी गराउनु पर्ने,

(३) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, ब्यावसायिक खेतीपाती आदि गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित स्थानीय सरकार समक्ष पेस गर्नु पर्ने,

(४) अन्य विद्यालयमा गाभिएको विद्यालयको भौतिक सम्पत्ति गाभिएर बनेको विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकासका कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रावास, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने,

(५) समायोजन हुने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी एवम् शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी आफ्नो विद्यालयमा समायोजन हुन आउने विद्यालयको विवरण सहित समायोजन पश्चात् विद्यालयले खेल्नु पर्ने भूमिका, भौतिक पक्षको अवस्था विश्लेषण र थप व्यवस्थापन लगायतका विषयमा छलफल गरी निर्णयमा पुग्ने,

(६) सामुहिक भेलाले गरेको निर्णयका आधारमा विद्यालय व्यवस्थापन समितिले विद्यालयमा समायोजित भइ आउने विद्यालयहरुको विवरण समायोजन पश्चात् गर्नु पर्ने न्यूनतम सुधारका कार्यक्रम र त्यसको अनुमानित वजेट शिक्षकको व्यवस्थापन र त्यसका लागि अत्यावश्यक अतिरिक्त शिक्षक आवाशीय वा नमुना विद्यालयका रुपमा विकसित गर्ने उद्देश्यका साथ समायोजन हुन लागेको भए सो को लागि सम्पन्न गर्नु पर्ने अत्यावश्यक कार्यक्रम र अनुमानित वजेट सहितको योजनाका साथ विद्यालयमा सामयोजन हुने सम्बन्धी आधिकारिक निर्णय गर्ने,

(७) विद्यालय समायोजनका लागि भएको निर्णय सहितको जानकारी सम्बन्धित स्थानीय तहमा पेस गरी अनुमतिका लागि अनुरोध गर्ने,

(८) स्थानीय तहबाट प्राप्त अनुमतिका आधारमा विद्यालय समायोजनको प्रक्रिया शुरु गर्ने,

(९) समायोजन भई आएका विद्यालयहरुका शिक्षक तथा विद्यार्थीको अभिलेख सहितको विद्यालयको अभलेख अद्यावधिक गर्ने र को जानकारी सम्बन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्ने,

(१०) स्थानीय तहको निर्णय अनुसार गाभिन आउने विद्यालयबाट हस्तान्तरण भई आउने चल अचल सम्पत्तिको जिम्मा लिई एकीकृत अभिलेख तयार गर्ने,

(११) गाभिने विद्यालयबाट हस्तान्तरण भएको सम्पूर्ण अभिलेख नगद तथा जिन्सी खाता र अन्य कागजातहरु जिम्मा लिई एकीकृत अभिलेख तयार गर्ने,

(१२) स्थानीय तहको निर्णयको आधारमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(१३) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आवासीय भवन आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागत अनुमान सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिने ।

## परिच्छेद –५

## विद्यालय समायोजन पश्चात्को व्यवस्थापन

**८. शिक्षक व्यवस्थापन सम्बन्धी कार्य :**

(१) विद्यालय समायोजन पछि आवश्यकता भन्दा बढी भएका शिक्षकलाई स्थानीय तहले समायोजन भएको विद्यालयमा सरुवा गर्नेछ । यसरी सरुवा गर्दा गाभिएको विद्यालयमा विषयगत तथा तहगत शिक्षक विद्यार्थी सङ्ख्याको अधारमा नपुग भएका स्थानीय तहले शिक्षक दरवन्दी संख्या बढी भएका विद्यालयबाट आवश्यक सरुवा व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षक व्यवस्थापन हुन नसक्ने अवस्था रहेमा दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भएको विद्यालयको मागका आधारमा नेपाल सरकारबाट प्राप्त अनुदान समेतबाट शिक्षण व्यवस्थापन गर्न अत्यावश्यक अनुदान प्रदान गर्नेछ ।

(३) समायोजन पश्चात् बन्ने विद्यालयमा समायोजित भएका विद्यालयबाट सरुवा भई आउने शिक्षक र उक्त विद्यालयमा कार्यरत शिक्षकहरुको कूल संख्या शिक्षक विद्यार्थी अनुपातको तुलनामा न्यून हुन आएमा स्थानीय तहभित्रको शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालयबाट शिक्षक विद्यार्थी अनुपात तथा

विषयगत शिक्षकको उपलब्धताको आधारमा सरुवा गरी घटीबढी हुन आउने शिक्षकको व्यवस्थापन गरिनेछ ।

(४) गाभिन जाने विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास तर्फका सहजकर्ता प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन हुँदासम्म सोही केन्द्रमा कार्यरत रहनेछन् । तर उक्त विद्यालयमा बालविकास केन्द्र सञ्चालन नभएको अवस्थामा सहयोगी कार्यकर्तालाई गाभिएर जाने विद्यालयमा सरुवा गरिनेछ । गाभिएको विद्यालयमा प्रारम्भिक बालविकासतर्फका सहयोगी कार्यकर्ता आवश्यक नभएमा स्वतः हटाइनेछ ।

## ९. समायोजन भएपछि बन्ने विद्यालयको व्यवस्थापन :

(१) दुई वा सोभन्दा बढी विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समितिले नै निरन्तर रुपमा कार्य गर्नेछ । समायोजनकै कारण समायोजन पश्चात नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुने छैन ।

(२) दुई वा दुई भन्दा बढी विद्यालयहरु समयोजन भई एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन पछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा वहन गर्नेछ । तर विद्यालयको तह वा स्तर वृद्धि हुने गरी विद्यालय समायोजन भएको अवस्थामा विद्यमान प्रधानाध्यापक शिक्षा ऐन तथा नियमावली र स्थानीय तहको शिक्षा ऐन तथा नियमावली वा कार्यादेश अनुसारको योग्यता र अनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानून बमोजिम नयाँ प्रधानाध्यापक छनोट गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ ।

## १०. समायोजन भई बन्ने विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था :

(१) विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविक नाममा परिवर्तन हुने छैन ।

(२) समायोजन भई बन्न जाने विद्यालय व्यवस्थापनले विद्यालयको नाम परिवर्तन गर्न चाहेमा प्रचलित कानुनी व्यवस्था अनुसार विद्यालयको नाम परिवर्तन गरिनेछ ।

# परिच्छेद – ६

## प्रोत्साहन अनुदान वितरण व्यवस्थापन सम्बन्धी व्यवस्था

## ११. समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान दिने आधारहरु :

सम्बत् २०७४ साल चैत्र मसान्तसम्म कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन पश्चात् स्थानीय तहले विधिसम्मत् ढंगले समायोजन गरेका विद्यालयहरुलाई एक पटकका लागि मात्र देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ :

## (क) सार्वजनिक र निजी लगानीको विद्यालय समायोजन एवम् एकीकरण भएमा

प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी संचालनमा रहेका एक वा एक भन्दा बढी निजी लगानीका विद्यालय (संस्थागत विद्यालय) बन्द वा खारेज पश्चात् सार्वजनिक विद्यालयमा समायोजन एवम् एकीकरण भई सञ्चालन भएमा

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान रकम (रु लाख) |
|---|---|---|
| १. | आधारभूत तहको कक्षा ५ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु २० लाख |
| २. | आधारभूत तहको कक्षा ८ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ३. | माध्यमिक तहसम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ५० लाख |

## (ख) सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण भएमा

सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण भएमा देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछः

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान रकम (रु लाख) |
|---|---|---|
| ४. | कक्षा ५ सम्म संचालित कुनै विद्यालय कक्षा ५ सम्म संचालित अर्को विद्यालयमा समायोजन भएमा | रु २५ लाख |
| ५. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ६. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ७. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ८. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४० लाख |
| ९. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४५ लाख |
| १०. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ५० लाख |
| ११. | कक्षा १० वा १२ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ६० लाख |

**(ग) कक्षा घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण भएमा :**

(१) आधारभूत तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.पाँच लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.दुई लाख पचास हजारका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

(२) माध्यमिक तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.दश लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.पाँच लाखका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

**१२. <u>अनुदान खर्च गर्ने क्षेत्रहरु</u> :** (१) विद्यालयले दफा ११ बमोजिम प्राप्त गरेको अनुदान रकम देहाय बमोजिमको शीर्षकमा खर्च गर्न सक्नेछ :

(क) भौतिक सुविधा विस्तार

(ख) पुस्तकालय व्यवस्थापन

(ग) विज्ञान प्रयोगशाला व्यवस्थापन

(घ) सूचना प्रविधि प्रयोगशाला

(ङ) शिक्षण सिकाइ योजना निर्माण तथा कार्यान्वयन

(च) शिक्षक व्यवस्थापन

(छ) खेलकूद सामग्री तथा खेलमैदानको विकास र विस्तार

(ज) साझेदारीमा विद्यालय बस खरिद

(२) उपदफा (१) को खण्ड (ज) को हकमा विद्यालय बसको संचालन खर्च नेपाल सरकार वा प्रदेश सरकारको अनुदान रकमबाट व्यहोरिने छैन ।

**१३. <u>प्रोत्साहन रकम व्यवस्थापन</u> :** प्रोत्साहन अनुदान प्राप्त गर्ने सार्वजनिक विद्यालयले देहाय बमोजिम विद्यालयको भौतिक र शैक्षिक व्यवस्थापन गर्नुपर्नेछ ।

(१) दुई वा दुई भन्दा बढी विद्यालय आपसमा समायोजन भई विद्यार्थीहरुलाई पायक पर्ने स्थानमा विद्यालय सञ्चालन हुनपर्ने,

(२) यसरी गाभिएका विद्यालयमा स्थानीय तहबाट विद्यार्थी संख्याको अनुपातमा विषयगत शिक्षकको व्यवस्था गरेको हुनुपर्ने,

(३) विद्यालय सञ्चालनको लागि आवश्यक जग्गा विद्यालयको आफ्नै नाममा भएको वा भोगाधिकार प्राप्त भएको हुनुपर्ने,

(४) यसरी गाभिएर सञ्चालन हुने विद्यालयमा तोकिएको न्यूनतम भौतिक पूर्वाधार (भवन, खेलमैदान, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, शौचालय, खानेपानी, आदि) व्यवस्था भएको र भविष्यमा आवश्यक संरचना विस्तार गर्ने पर्याप्त ठाउँ भएको हुनपर्ने,

(५) यातायात सुविधाको पहुँच भएको विद्यालयको हकमा बालबालिकालाई ल्याउन लान सवारी साधन उपलब्ध हुनुपर्ने वा यातायात सुविधाको लागि हालसम्म सवारी साधन खरिद नगरेका विद्यालयहरुका लागि साझेदारीमा सवारी साधन खरिदका लागि स्थानीय तहले कम्तिमा ५० प्रतिशत रकम योगदान गर्नुपर्नेछ,

(६) विद्यालयहरु समायोजन गर्दा आधारभूत तह कक्षा १-५ का बालबालिकाले सरदर आधा घण्टा, आधारभूत तह कक्षा ६-८ का बालबालिकाले सरदर पौने घण्टा, माध्यमिक तह कक्षा ९-१२ का बालबालिकाले सरदर एक घण्टा भन्दा बढी समय पैदल हिंड्न नपर्ने अवस्था सुनिश्चित भएको हुनुपर्नेछ,

(७) विद्यालय र कक्षामा तोकिए अनुसार विद्यार्थी संख्या नपुग्ने, छरिएर रहेका साना बस्तीहरु, नदी खोला र जंगल लगायतका कारणले उपदफा (६) मा उल्लिखित समय भन्दा बढी समय लाग्ने अवस्था भएका स्थानका बालबालिकाको हकमा आवासीय सुविधा सहितको समायोजित विद्यालय सञ्चालन भएको हुनुपर्नेछ ।

१४. **प्रोत्साहन अनुदान प्रदान गर्ने प्रक्रिया** : समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान प्रदान गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) केन्द्रले निर्धारित मापदण्ड बमोजिम समायोजन एवम् एकीकरण भएका विद्यालयहरुको विवरण सहित अनुदान माग गर्न स्थानीय तहलाई आव्हान गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) सूचना बमोजिम स्थानीय तहले आफ्नो मातहत रहेका विद्यालयहरु समायोजन एवम् एकीकरण भएको प्रमाणसहित अनुदान माग गर्ने,

(ग) केन्द्रले स्थानीय तहबाट प्राप्त मागको विश्लेषण गरी विद्यालय समायोजन एवम् एकीकरण पश्चात् दिनुपर्ने अनुदान रकम किटानी गरी प्राथमिकताका आधारमा विद्यालयगत र स्थानीय तहगत रुपमा मन्त्रालयमा पठाउने,

(ग) मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई अनुदान रकम वित्तीय हस्तान्तरण गर्न मन्त्रालयगत बजेट सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गर्ने,

(घ) अर्थ मन्त्रालयले विद्यालय समायोजन एवम् एकीकरण बापतको प्रोत्साहन अनुदान रकम वित्तीय हस्तान्तरण गर्ने ।

## परिच्छेद –७

## विविध

१५. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था** : (१) संघ, प्रदेश र स्थानीय तहबाट अनुगमन टोली बनाई समायोजन भएका विद्यालयहरुको अनुगमन गरी मन्त्रालयलाई आवश्यक सुझाव उपलब्ध गराउनु पर्नेछ ।

(२) स्थानीय तहले समायोजन भएको विद्यालयको प्रगति विवरण वार्षिक रुपमा केन्द्र र प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

**१६. सामाजिक परीक्षण** : (१) समायोजन भएको विद्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग र सो बाट प्राप्त प्रतिफल तथा समायोजन पछि देखिएको विद्यालयको समग्र व्यवस्थापनको अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

**१७. बाझिएमा अमान्य हुने :** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।